# कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०७९

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवा सम्बन्धी कार्यलाई नियमित, बस्तुगत र व्यवस्थित गर्ने उद्देश्यले शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ५३ को अधिकार प्रयोग गरी शिक्षक सेवा आयोगले देहाय बमोजिमको कार्यविधि निर्धारण गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१.१ सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०७९" **रहेकोछ ।**

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

१.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले शिक्षा ऐन (संशोधनसहित) २०२८, सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले प्रसङ्ग अनुसार शिक्षा नियमावली (संशोधनसहित) २०५९, र शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७, सम्झनुपर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्दछ ।

(घ) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

(च) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनुपर्दछ

(छ) "शिक्षा अधिकृत" भन्नाले स्थानीय तह वा शिक्षा विकास तथा समन्वय इकाइका शिक्षा अधिकृतलाई बुझाउँदछ ,

(ज) "शिक्षा प्रमुख" भन्नाले स्थानीय तहको शिक्षा हेर्ने प्रमुख वा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखलाई बुझाउदछ

(झ) "सिफारिस समिति" भन्नाले शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि २०७८ को दफा ७४(१) अनुसार गठित वढुवा सिफरिस समिति सम्झनुपर्दछ ।

## परिच्छेद २
## <u>अङ्क गणना सम्बन्धी व्यवस्था</u>

२.१ शैक्षिक उपाधिको अङ्क गणनाः

(क) विदेशी शिक्षण संस्थाहरुबाट हासिल गरेको शैक्षिक उपाधिलाई पाठ्यक्रम विकास केन्द्रले उपलब्ध गराएको उपाधिको तह र श्रेणी सम्बन्धी समकक्षताको आधारमा अङ्क गणना गरिनेछ ।

(ख) अक्षराङ्कन पद्धति (लेटरग्रेडिङ) अनुसार शैक्षिक प्रमाणपत्र पेश गर्नेको हकमा अनुसूची १ बमोजिम श्रेणी कायम गरिनेछ ।

(ग) सम्बत् २०६८ आषाढ मसान्तसम्ममा नियुक्त भएका प्राथमिक तहको शिक्षकको न्यूनतम शैक्षिक योग्यता एसएलसी (माध्यमिक परीक्षा कक्षा १०) वा सो सरह र २०६८ श्रावण १ पछि नियुक्त प्राथमिक तहको शिक्षकको न्यूनतम शैक्षिक योग्यता माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहलाई आधार मानी अङ्क गणना गरिनेछ ।

(घ) १ वर्षे विएड् वा एम्एड् योग्यता हासिल गरेका उम्मेदवारको हकमा निजले सोही योग्यतालाई आधार मान्न चाहेमा योग्यता र तालिम दुबै गणना हुनेछ ।

(ङ) प्राथमिक तहको १० महिने शिक्षक तालिम पूरा गरिसकेपछि तत्कालिन उच्चमाध्यमिक शिक्षा परिषद अन्तर्गतको विशेष पाठ्यक्रम (कोर्स) पूरा गरेका शिक्षकहरुले पेश गरेको ट्रान्सक्रिप्टको आधारमा सो उपाधिलाई माथिल्लो शैक्षिक योग्यताको मान्यता दिई दोश्रो श्रेणी बराबरको अङ्क दिइनेछ ।

## २.२ तालिमको अङ्क गणनाः

(क) शैक्षिक जनशक्ति विकास केन्द्रबाट लिएको १० महिने सेवाकालीन तालिम, पूर्व सेवाकालीन तालिम र टिपिडी तालिमको एकीकृत प्रमाणपत्रका आधारमा अङ्क गणना गर्ने ।

(ख) मान्यता प्राप्त स्वेदशी वा विदेशी निकायबाट हासिल गरेको तालिमको अङ्क गणना साविकको शैक्षिक जनशक्ति विकास केन्द्र वा हालको शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रबाट प्रमाणीकरण भएका आधारमा गर्ने ।

(ग) शिक्षकको पेशागत विकास तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको क्रमशः ३,२ र १ अङ्क प्रदान गर्ने र श्रेणी नखुलेको तालिम वापत दोश्रो श्रेणी बराबरको अङ्क दिने ।

## २.३ सेवा अवधिको अङ्क गणनाः

(क) पुनः अस्थाथी वा करारमा नियुक्ति लिएका शिक्षकका हकमा पछिल्लो पटक नियुक्ति भएको मितिदेखि मात्र सेवा वापतको अङ्क गणना गर्ने ।

(ख) अस्थायी सेवा बापत अङ्क गणना गर्दा अस्थायी नियुक्तिपत्रको प्रतिलिपि वा नियुक्ति समर्थन पत्र वा पदस्थापनपत्र वा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले प्रमाणित गरेको सेवा निरन्तरताको कागजातलाई आधार मान्ने । अस्थायी नियुक्ति मिति र शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित गरीदिएको सेवा निरन्तरताको मिति फरक परेमा पछिल्लो मितिलाई मान्यता दिने ।

(ग) एउटा जिल्लाको विद्यालयमा अस्थायी नियुक्ति पाई सोही जिल्लाको अन्य विद्यालयमा सरुवा भएका शिक्षकको सेवा अवधि गणना गर्दा अस्थायी नियुक्तिपत्र, सरुवापत्र,

रमानापत्र, वा हाजिरी भएको जानकारीपत्र र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले गरेको सेवा प्रमाणितको प्रतिलिपिको आधारमा गर्ने ।

(घ) स्रोतव्यक्ति वा प्रशिक्षकको रुपमा काजमा गएका शिक्षकहरुको हकमा पदाधिकार रहेको तह र श्रेणीको मात्र सेवा अवधि गणना गर्ने ।

२.४ कार्य सम्पादन वापतको अङ्क गणनाः

(क) बढुवाको लागि उम्मेदवार हुन चाहनेले आफ्नो पदाधिकार रहेको विद्यालयमा प्रत्येक वर्षको वैशाख १ गते देखि सोही महिनाको ३० गतेसम्म अघिल्लो शैक्षिक सत्रको कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गराएका हुनु पर्नेछ । तर वैशाख ३० गते सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन दर्ता गराएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई मान्यता दिइनेछ ।

(ख) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय बमोजिम शैक्षिक सत्रको समय फरक भएकोमा सो बमोजिम र शिक्षक सेवा आयोगको निर्णयबाट कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समय तोकिएकोमा सोही बमोजिम नै कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समय र मूल्याङ्कन अवधि मानिने छ ।

(अ) शैक्षिक वर्ष २०७७ को शैक्षिक सत्र २०७८ जेठ मसान्तसम्म तोकिएको कारण शैक्षिक सत्र २०७७ को कासमू फाराम भर्ने समय २०७८ असार १गते देखि ३० गते सम्म कायम भएको ।

(आ) शैक्षिक सत्र २०७६ को कासमू फाराम भर्ने समय कोरोना प्रभावका कारण २०७७ वैशाख १ देखि ३० गते सम्मको समयका अतिरिक्त श्रावण १५देखि भाद्र १२ सम्म थप गरिएको।

(ग) स्रोतव्यक्ति वा प्रशिक्षकको रुपमा कार्यरत शिक्षकले कार्यसम्पादन मूल्याङ्कन फाराम आफ्नो पदाधिकार रहेको विद्यालयमा तोकिएको समयभित्र दर्ता गराएको भए मान्यता दिने ।

(घ) कार्यसम्पादन मूल्याङ्कन फारामको शिरमा दर्ता नं र दर्ता मिति केरमेट भएको भए मान्यता नदिने तर सम्बन्धित शिक्षकले दस्तखत गर्ने स्थानमा मिति स्पस्ट उल्लेख गरेको र उक्त मिति तोकिएकै म्याद भित्रको रहेछ भने दर्ता मिति केरमेट भए पनि मान्यता दिने । त्यस बाहेक अन्य खण्डमा केरमेट भएको ठाउँमा सिफारिस वा प्रमाणित गर्नेले सही गरेको भएमा मान्यता दिने ।

(ङ) कार्यसम्पादन मूल्याङ्कनका खण्ड (क), (ख) र (ग) मा सिफारिस र प्रमाणित गर्ने व्यक्ति एउटै भएमा सो खण्डको अङ्क गणना नगर्ने ।

तर यस कार्यविधिमा जुन सुकै कुरा लेखिएको भएता पनि खण्ड (क), (ख) र (ग) मध्ये कम्तिमा कुनै एक खण्ड वा अलग खण्डमा सिफारिस कर्ता र प्रमाणित कर्ता फरक फरक पदाधिकारी भएको अवस्थामा तीनै खण्डको अङ्क गणना गर्ने । सिफारिस र प्रमाणित गर्ने पदाधिकारी सम्बन्धी व्यवस्था अनुसूची २ बमोजिम हुनेछ ।

(च) कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड (क) मा सम्बन्धित शिक्षकले दस्तखत गरेको नपाइएमा सो खण्डको अङ्क गणना नगर्ने ।

(छ) तालिम केन्द्रमा काजमा रहेका शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको खण्ड (क,) (ख) र

(ग) मा रा. प. तृतीय श्रेणीका प्रशिक्षक र वरिष्ठ प्रशिक्षकले प्रमाणित गरेमा अङ्क गणना गर्ने ।

(ज) शिक्षक सेवा आयोगको मिति २०७१।०८।२४ को निर्णय अनुसार तालिम केन्द्रमा काजमा रहेका शिक्षकको सिकाइ उपलब्धि गणना निजले सो शैक्षिक सत्रमा दिएको तालिमको औसत उपलब्धिको आधारमा गर्ने ।

(झ) बढुवा सिफारिस समितिले कुनै उम्मेदवारको कुनै वर्षको कासमू फाराम फेला नपारेमा उम्मेदवारले सो फाराम भरे नभरेको एकिन गर्ने ।यदि निजले नियमानुसार कासमू फाराम भरेको, तत्कालिन जिशिकामा सो कासमू दर्ता भएको र शिविनिमा समेत चलानी गरेको विषयमा समिति विश्वस्त भएमा सो वर्षको औषत अङ्क प्रदान गर्ने ।

(ञ) कार्यसम्पादन मूल्याङ्कनको दर्ता हुँदा साल, महिना, गते उल्लेख भएको तर मूल्याङ्कन अवधि नखुलेको कासमूलाई अघिल्लो वर्षको कासमू मानी अङ्क गणना गर्ने ।

२.५ पुराना अभिलेखको मान्यता सम्बन्धी

(क) अघिल्ला विज्ञापनमा उम्मेदवार भइ अभिलेख कायम भइसकेका उम्मेदवारको अघिल्ला बढुवा सिफारिस समिति र आयोगमा कायम भएको अभिलेखलाई मान्यता दिने ।

(ख) पुनरावलोकनको क्रममा आयोगमा कायम भएको अभिलेखबाट बढुवा सिफारिस समितिले अङ्क गणना उतार गर्ने ।

## परिच्छेदः ३
## विविध

३.१ नियमावलीले तोकेको ढाँचा बाहेकका कासमू फारामलाई मान्यता नदिने ।

३.२ दर्ता मिति भएका तर विद्यालयमा दर्ता नभएका कासमू फारामलाई मान्यता नदिने ।

३.३ शिक्षकले कार्यसम्पादन मूल्याङ्कन फाराम विद्यालयको नियमित दर्ता किताबमा दर्ता गरेको भए मात्र मान्यता दिने ।

३.४ स्थानीय तहमा काजमा रहेका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन आफू पदाधिकार रहेकै विद्यालयमा दर्ता गरेको भए मान्यता दिने ।

३.५सिफारिस/प्रमाणित गर्ने व्यक्तिको नाम, पद, दस्तखत अनिवार्य हुनुपर्ने र एक व्यक्तिको नाम, पद, दस्तखत केरमेट गरी एकभन्दा बढी व्यक्तिको नाम, पद, दस्तखत गरी केरमेट गरेको ठाउँमा हस्ताक्षर गरी सिफारिश/प्रमाणित भएमा अङ्क गणना गर्ने ।

३.६ कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड (क, (ख) र (ग) को अङ्क प्रदान गर्ने स्थानमा केरमेट गरेमा वा अङ्क प्रदान गर्ने महलमा (- वा *) गरेमा सो वापतको अङ्क गणना नगर्ने ।

३.७ कासमू फारामको खण्ड (घ) मा सुपरीवेक्षकले अङ्क दिएको तर दस्तखत नगरेको भएता पनि निज सुपरीवेक्षक पुनरावलोकन समिति समेतमा रही दस्तखत गरेको भए अङ्क गणना गर्ने । पुनरावलोकन समितिको महलमा कम्तिमा दुई जनाको दस्तखत नभए अङ्क गणना नगर्ने ।

३.८ निम्नमाध्यमिक तह द्धितीय श्रेणीमा स्थायी नियुक्ति लिएका शिक्षकहरुको योग्यता स्नातक तह वा सो सरहको गणना गर्ने ।

३.९ खण्ड (क, (ख) र (ग) मा कुनै पदाधिकारीले दस्तखत, नाम, पद, सङ्केत नं. उल्लेख गर्नुपर्नेमा दस्तखत मात्र भएमा सो खण्डमा सिफारिस वा प्रमाणित भएको नमानिने । तर कुनै एक खण्डमा मात्र भएपनि दस्तखत भएको पदाधिकारीको नाम, पद, सङ्केत नं. उल्लेख भएमा सो खण्डमा समेत अङ्क गणना गर्ने ।

३.१० आयोगको मिति २०७४।३।१ को निर्णयानुसार शिक्षकहरुको ७५ प्रतिशत बढुवा सम्बन्धि कार्यका लागि सम्बन्धित बढुवा सिफारिस समितिबाट कासमु फाइल मूल्याङ्कन गर्दा बढुवा हुने शिक्षकहरुको नियुक्ति पत्र, तालिमका प्रमाणपत्र, योग्यताका प्रमाणित प्रतिलिपि र सम्बन्धित वर्षका कासमु फारममा रुजु गर्न समिति तथा आयोगवाट बढुवा सम्बन्धी कार्यका लागि खटिएका कर्मचारीले रातो मसि प्रयोग गरी कैफियत उल्लेख गर्नु पर्ने अवस्थामा कैफियत उल्लेख गर्नुपर्ने छ तर अन्य मसीको प्रयोग गरी कुनै महलमा केरमेट नगरी मूल्याङ्कन गर्न सक्ने छ ।

३.११ बाधा अडकाउ फुकाउनेः आयोगले यस कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ भएमा बाधा अडकाउ फुकाउन सक्नेछ ।

३.१२ खारेजी र बचाउः

(क) कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०७४ खारेज गरिएको छ

(ख) कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०७४ बमोजिम भए गरेका काम कारबाही यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(दफा नं २.१(ख) संग सम्बन्धित)

अक्षराङ्कन पद्दति (लेटरग्रेडिङ्ग) लाई श्रेणीमा रुपान्तरण गर्ने आधार

| सि.नं | स्तरीकृत अङ्क (GPA) | श्रेणी |
|---|---|---|
| १ | ४.० | प्रथम |
| २ | ३.६ | |
| ३ | ३.२ | |
| ४ | २.८ | द्वितीय |
| ५ | २.४ | |
| ६ | २.० | तृतीय |
| ७ | १.६ | |

अनुसूची २

(दफा नं २.४ (ङ) सँग सम्बन्धित)

कासमुमा मूल्याङ्कन गर्ने पदाधिकारीहरु (२०७३,२०७४ र २०७५ को हकमा)

क कासमुको खण्ड (क) (ख) र (ग) को सिफारिस र प्रमाणित गर्ने ।

| सि नं | कसको | कसले सिफारिस गर्ने | कसले प्रमाणित गर्ने |
|---|---|---|---|
| १ | शिक्षक | प्रधानाध्यापक | स्रोतव्यक्ति |
| २ | प्रधानाध्यापक | स्रोतव्यक्ति | विद्यालय निरीक्षक |
| ३ | स्रोतव्यक्ति | विद्यालय निरीक्षक | जिल्ला शिक्षा अधिकारी |

ख शिक्षक र प्रधानाध्यापक समान श्रेणीको वा प्रधानाध्यापकभन्दा शिक्षक माथिल्लो श्रेणीको भएको वा कुनै विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी अस्थायी वा करार शिक्षकले सम्हालेको अवस्थामा सिफारिस र प्रमाणित गर्ने अधिकारी

| सि नं | कसको | कसले सिफारिस गर्ने | कसले प्रमाणित गर्ने |
|---|---|---|---|
| १ | प्राथमिक शिक्षक | स्रोतव्यक्ति | विद्यालय निरीक्षक |
| २ | निम्नमाध्यमिक शिक्षक | स्रोतव्यक्ति | विद्यालय निरीक्षक |
| ३ | माध्यमिक शिक्षक | विद्यालय निरीक्षक | जिल्ला शिक्षा अधिकारी |

ग कार्यसम्पादन मूल्याङ्कन गर्ने सुपरीवेक्षक र पुनरावलोकन समिति

| सि नं | तह | सुपरीवेक्षक | पुनरावलोकन समिति |
|---|---|---|---|
| १ | प्राथमिक शिक्षक | प्रधानाध्यापक | प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यालय निरीक्षक |
| २ | प्राथमिक तहमा प्र अ समान श्रेणी वा प्र अ भन्दा माथिल्लो श्रेणिको शिक्षक भएमा | स्रोतव्यक्ति | स्रोतव्यक्ति, विद्यालय निरीक्षक र विद्यालय व्वस्थापन समितिका अध्यक्ष |
| ३ | प्राथमिक तहको प्रधानाध्यापक | स्रोतव्यक्ति | स्रोतव्यक्ति, विद्यालय निरीक्षक र विद्यालय व्वस्थापन समितिका अध्यक्ष |
| ४ | निम्नमाध्यमिक शिक्षक | प्रधानाध्यापक | प्रधानाध्यापक स्रोतव्यक्ति, विद्यालय निरीक्षक |
| ५ | निम्नमाध्यमिक तहमा प्र अ समान श्रेणी वा प्र अ भन्दा माथिल्लो श्रेणीको शिक्षक भएमा | स्रोतव्यक्ति | विद्यालय निरीक्षक, विद्यालय व्वस्थापन समितिका अध्यक्ष र जिल्ला शिक्षा अधिकारी |
| ६ | निम्नमाध्यमिक तहको प्रधानाध्यापक | विद्यालय निरीक्षक | विद्यालय निरीक्षक, विद्यालय व्वस्थापन समितिका अध्यक्ष र |

| | | | |
|---|---|---|---|
| | | | जिल्ला शिक्षा अधिकारी |
| ७ | माध्यमिक शिक्षक | प्रधानाध्यापक | प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यालय निरीक्षक |
| ८ | माध्यमिक तहमा प्र अ समान श्रेणी वा प्र अ भन्दा माथिल्लो श्रेणीको शिक्षक भएमा | विद्यालय निरीक्षक | विद्यालय निरीक्षक, विद्यालय व्वस्थापन समितिका अध्यक्ष र जिल्ला शिक्षा अधिकारी |
| ९ | माध्यमिक तहको प्रधानाध्यापक | विद्यालय निरीक्षक | विद्यालय निरीक्षक, विद्यालय व्वस्थापन समितिका अध्यक्ष र जिल्ला शिक्षा अधिकारी |
| १० | स्रोतव्यक्ति (प्रशिक्षक समेत) | विद्यालय निरीक्षक | विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत र जिल्ला शिक्षा अधिकारी |

कासमुमा मूल्याङ्कन गर्ने पदाधिकारीहरु (२०७४ र २०७५ को शिक्षक सेवा आयोग नियमावली दशौं संशोधन अनुरुप र २०७६, २०७७ को हकमा )

क कासमुको खण्ड (क) को १को (च) को सिफारिस र प्रमाणित गर्ने

| सि नं | कसको | सिफारिस गर्ने | प्रमाणित गर्ने |
|---|---|---|---|
| १ | शिक्षक | प्रधानाध्यापक | शिक्षा अधिकृत |
| २ | प्रधानाध्यापक वा प्र अ सरह वा उपल्लो तह र श्रेणीको शिक्षक | शिक्षा अधिकृत | शिक्षा प्रमुख |

ख कार्यसम्पादन मूल्याङ्कन गर्ने सुपरीवेक्षक र पुनरावलोकन समिति

| सि नं | तह | सुपरीवेक्षक | पुनरावलोकन समिति |
|---|---|---|---|
| १ | शिक्षक | प्रधानाध्यापक | प्रधानाध्यापक, स्थानीयतहको शिक्षा हेर्ने प्रमुख र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख |
| २ | प्रधानाध्यापक वा प्र अ सरह वा माथिल्लो तह र श्रेणीको शिक्षक | स्थानीय तहको शिक्षा हेर्ने प्रमुख | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्थानीयतहको शिक्षा हेर्ने प्रमुख र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख |